# मुसिकोट राजपत्र

**मुसिकोट नगरपालिका द्वारा प्रकाशित**

**खण्ड ८) मुसिकोट,गुल्मी, बैशाख १६ गते,२०८१ साल (संख्याः१**

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार(घर नभएकालाई घर) सहयोग कार्यक्रम(प्रथम संसोधन) कार्यविधि,२०८१

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार(घर नभएकालाई घर) सहयोग कार्यक्रम(प्रथम संसोधन) कार्यविधि,२०८१

प्रस्तावनाः

गुणस्तरीय जीवनस्तरका लागि आवास तथा शौचालय सुधार(घर नभएकालाई घर) सहयोग कार्यक्रम कार्यविधि,२०८०(यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले  देहाय वमोजिम संसोधन गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार(घर नभएकालाई घर) सहयोग कार्यक्रम(प्रथम संसोधन) कार्यविधि,२०८१” रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यापालिकाबाट पारित  हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “कार्यविधि” भन्नाले गुणस्तरीय जीवनस्तरका लागि आवास क्षेत्र तथा शौचालय सुधार(घर नभएकालाई घर) सहयोग कार्यक्रम (प्रथम संसोधन) कार्यविधि,२०८१ लाई सम्झनु पर्छ ।

(ख) “नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(ग) “नगर कार्यापालिका” भन्नाले मुसिकोट नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्छ ।

(घ) "मूल कार्यविधि" भन्नाले गुणस्तरीय जीवनस्तरका लागि आवास तथा शौचालय सुधार(घर नभएकालाई घर) सहयोग कार्यक्रम कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

**३.मूल कार्यविधि दफा ५ को उपदफा १ मा संसोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा १ को सट्टा देहाय बमोजिमको उपदफा(१) राखिएको छः

(१) कार्यालयले लाभग्राहीलाई सुरक्षित आवास निर्माण वा सुधार गर्ने तथा जीवनस्तर सुधार्नको लागि स्नानगृह, भान्साघर र शौचालय निर्माण,मर्मत या सुधार गर्न, घरमा अपाङ्गमैत्री संरचना निर्माण वा मर्मत या सुधार गर्न,विपद-जोखिम न्युनिकरणका लागि संरचना निर्माण गर्न लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ ।

**४.मूल कार्यविधिको दफा ५ को उपदफा ४ मा संसोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा ४ को सट्टा देहाय बमोजिमको दफा राखिएको छ ।

(४) लाभग्राहीहरुले उपदफा १ बमोजिमका कार्यको लागि प्राप्त गर्ने सम्झौता बमोजिमको रकम प्राविधिक प्रतिवेदन,अनुगमन प्रतिवेदन र बिल भरपाई समेतका आधारमा बैंक खाता मार्फत तीन किस्तामा देहाय बमोजिम उपलब्ध गराइनेछ ।

(क) सम्झौता हुनासाथ पहिलो किस्ता बापत कुल लागत अनुमान रकमको तीस प्रतिशत रकम उपलबेध गराईनेछ र लाभग्राहीले सो रकमबाट सिमेन्ट,छड लगायतका निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउनु पर्नेछ,

(ख) प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरि सकेपछि प्राविधिक जाँच प्रतिवेदनको आधारमा दोश्रो किस्ता बापत तीस प्रतिशत रकम उपलब्ध गराईनेछ ,

(ग) निर्माण सम्पन्न गरिसकेपछि प्राविधिकको अन्तिम जाँच प्रतिवेदनको आधारमा अन्तिम किस्ता बापत चालिस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

**५.मूल कार्यविधिको दफा ५ को उपदफा थपः** मूल कार्यविधिको दफा ५ को उपदफा ५ को पछि देहाय बमोजिमको उपदफा थप गरिएको छः

(६) दफा ५ बमोजिम लाभग्राहीहरुले प्राप्त गर्ने आर्थिक सहयोग/अनुदानको मात्रा/सीमाका सम्बन्धमा कार्यापालिकाले तोके बमोजिम हुनेछ ।

प्रमाणिकरण मिति
२०८१।१।१५

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**मूल्यरू १०**

मुसिकोट राजपत्र